प्रति शेयर रु.१००/- अंकित दरको २,९७,८५,०३४.६३ कित्ता हकप्रद शेयरको निष्कासन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

MEGA
BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड
मेगा बैंक नेपाल लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)
राइजिङ्ग मल, कमलादी, काठमाण्डौ, नेपाल, पो.ब.नं. २६५५९, फोन नं.: ९७७-१-४१६९२१७, फ्याक्स नं.९७७-१-४१६९२१५
URL: www.megabanknepal.com, Swift: MBNLNPKA

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:
निष्कासन खुल्ला मिति: २०७४/०५/२७ गते
निष्कासन बन्द हुने मिति: २०७४/०६/३० गते
(बैंकिङ्ग समय पश्चात्)

१० कित्ता शेयर बराबर नयाँ ६.५ कित्ता शेयरको

हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना

बैंकको विद्यमान रु. ४,५८,२३,१३,०१९.२८ चुक्ता पुँजीमा दश शेयर बराबर नयाँ छ दशमलव पाँच (१० : ६.५) शेयरको अनुपातमा रु.१००/- अंकित दरका २,९७,८५,०३४.६३ कित्ता हकप्रद शेयर मिति २०७३/१०/०६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई तथा बैंकको मिति २०७४/०५/०९ गतेको सूचनाको आधारमा कायम साविक शेयरधनीहरुको लागि निष्कासन गर्नको लागि प्रकाशित।

हकप्रद शेयर निष्कासन सम्बन्धमा सामान्य जानकारी

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७४/०४/२६ गते।

१. संगठित संस्थाको नाम : मेगा बैंक नेपाल लिमिटेड (MEGA BANK NEPAL LIMITED)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमति अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ३१, कमलादी, काठमाण्डौमा रहेको छ।

३. कारोबार स्थान :

बैंकले बागमति अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ३१, कमलादी, काठमाण्डौमा आफ्नो केन्द्रीय कार्यालय खोलि बैंकिङ्ग कारोबार गरिरहेको छ। यसको अतिरिक्त बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई **उपत्यका भित्र** क्रमशः कमलादी, जावलाखेल, बौद्ध, महाराजगंज, कपन, मैतिदेवी, नयाँबानेश्वर, टेकु, नयाँ सडक, ठिमी **उपत्यका बाहिर** क्रमशः जोगबुढा, जितपुर, पोखरा, चौतारा, धनगढी, तौलिहवा, वालिङ, हरिवन, साँफेबगर, तानसेन, सुनवल, जनकपुर, दैलेख, रामपुर, कावासोती, धरान, नेपालगञ्ज, बुटवल, नारायणगढ, विराटनगर, तुलसीपुर, धादिङवेशी, विर्तामोड, घोराही, मणिग्राम, स्याङ्गवेशी, सन्धिखर्क, भैरहवा, वीरगञ्ज, हेटौडा, टाँडी, लेखनाथ, दार्चुला, कुस्मा, सल्यान, गुल्मी, सुर्खेत शाखा कार्यालयहरु तथा एक्सटेन्सन काउण्टर मैनाबगर, बुटवल मार्फत आफ्नो बैंकिङ्ग कारोबार संचालन गर्दै आइरहेको छ। बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकतानुसार भविष्यमा शाखा विस्तार गरी अधिराज्यभर नै कारोबार गर्न सक्नेछ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

संक्षिप्त परिचय : मेगा बैंक नेपाल लिमिटेड, कम्पनी ऐन, २०७३ (पहिलो संशोधन) बमोजिम मिति २०६७/०१/०५ गते नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६७/४/४ मा नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोबार गर्न इजाजत प्राप्त गरी मिति २०६७/४/७ बाट बैंकिङ्ग कारोबार प्रारम्भ गरेकोमा मिति २०७३/१/१३ गते देखि साविक पश्चिमाञ्चल डेभलपमेन्ट बैंक लिमिटेड र मेगा बैंक नेपाल लिमिटेड एक आपसमा गाभिई मेगा बैंक नेपाल लिमिटेडको नाममा बैंकले आफ्नो बैंकिङ्ग कारोबार संचालन गरिरहेको छ। यस बैंकका संचालक समिति एवं संस्थापकहरुमा बैंकिङ्ग, औद्योगिक, सामाजिक, शैक्षिक, व्यवस्थापन, पर्यटन र व्यापार क्षेत्रमा लामो समयदेखि आवद्ध ख्यातिप्राप्त लब्ध प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ।

उद्देश्य : नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०७३ (पहिलो संशोधन) र अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही वित्तीय कारोबार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) बैंकका निक्षेपकर्ता तथा शेयरधनीहरुको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
आ) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक आन्तरिक तथा बाह्य वित्तीय साधन स्रोत जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
इ) उपलब्ध शीप, श्रम तथा पुँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र
ई) मुलुकमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

५. शेयर पुँजीको संरचना :

(क) अधिकृत पुँजी: बैंकको अधिकृत पुँजी रु. १०,००,००,००,०००/- (अक्षेरुपी दश अर्ब मात्र) रहेको छ। उक्त पुँजीलाई रु. १००/- का दरले १०,००,००,००० (दश करोड) कित्ता शेयरमा विभाजन गरिएको छ।

(ख) जारी पुँजी : बैंकको जारी पुँजी रु. ७,५६,०८,१६,४८१/८१ (अक्षेरुपी रु. सात अर्ब छपन्न करोड आठ लाख सोह्र हजार चार सय एकासी र ८१/१०० मात्र) हुनेछ। सो पुँजीलाई रु. १००/- का दरले ७,५६,०८,१६४.८२ (सात करोड छपन्न लाख आठ हजार एक सय चौसठ्ठी र ८२/१०० मात्र) कित्ता साधारण शेयरमा विभाजित गरिएको छ।

(ग) चुक्ता पुँजी: बैंकको हाल चुक्ता पुँजी रु. ४,५८,२३,१३,०१९/२८ (अक्षेरुपी रु. चार अर्ब अन्ठाउन्न करोड तेइस लाख तेह्र हजार उन्नाइस र २८/१०० मात्र) हुनेछ। उक्त पुँजीलाई रु. १००/- का दरले ४,५८,२३,१३०.१९ (चार करोड अन्ठाउन्न लाख तेइस हजार एक सय तीस र १९/१०० मात्र) कित्ता साधारण शेयरमा विभाजित गरिएको छ। यस विवरण मार्फत हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् बैंकको चुक्ता पुँजी रु. ७,५६,०८,१६,४८१/८१ (अक्षेरुपी रु. सात अर्ब छपन्न करोड आठ लाख सोह्र हजार चार सय एकासी र ८१/१०० मात्र) हुनेछ।

६. हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् हुने चुक्ता पुँजीको संरचना :

हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात हुने बैंकको चुक्ता पुँजीको संरचनाः

समूह	शेयरधनी	शेयर कित्ता	चुक्ता रकम (रु.)	पुँजी संरचना (%)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	३८,५७५,६३८.६२	३,८५७,५६३,८६१/८०	५१.०२%	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत)	३७,०३२,५२६.२०	३,७०३,२५२,६२०/०१	४८.९८%	शतप्रतिशत
	जम्मा	७५,६०८,१६४.८२	७,५६०,८१६,४८१/८१	१००%	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

सञ्चालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

सि.नं.	नाम	पद	शैक्षिक योग्यता	व्यवसायिक अनुभव	प्रतिनिधित्व समूह
१	श्री भोजबहादुर शाह	अध्यक्ष	स्नातक B.SC	• बोर्ड सदस्य, हाइड्रोभेन्चर प्रा.लि. • बोर्ड सदस्य, साहस उर्जा लिमिटेड • अध्यक्ष, NIC College • अध्यक्ष/उपाध्यक्ष/महासचिव, प्याब्सन • संस्थापक प्रधानाध्यापक, आनन्दभूमि बोर्डिङ्ग स्कूल।	संस्थापक
२	श्री गोपाल खनाल	सञ्चालक	स्नातक	• केन्द्रीय कार्यकारिणी सदस्य-नेपाल उद्योग वाणिज्य महासंघ • उपसभापति-बैंक, वित्त तथा बीमा समिति (ने.उ.बा.म.सं) • सभापति-शिक्षा तथा सिप विकास समिति (ने.उ.बा.म.सं) • संचालक-बिद्यार्थी सहायता परियोजना कोष (नेपाल सरकार) • सदस्य-पर्यटन विकास समन्वय समिति (नेपाल सरकार) • कार्यकारी निर्देशक, नेपाल मेगा कलेज • अध्यक्ष-मेगा प्रिन्टिङ्ग प्रेस • अध्यक्ष-एशिया पब्लिकेशन प्रा.लि.।	संस्थापक
३	श्री मदनकुमार आचार्य	सञ्चालक	स्नातक	• प्रबन्ध निर्देशक, लोयल ट्राभल एण्ड टुर्स प्रा.लि. • संचालक-कल्पभुमि रिसोर्ट, पोखरा • सल्लाहकार-टुरिष्ट बस एसोसियसन अफ नेपाल।	संस्थापक
४	श्री चेत नारायण पाण्डे	सञ्चालक	प्रमाणपत्र तह	• CEO- Samrat Tours And Travels Pvt. Ltd. • Director- Hotel Land Mark Pokhara • Director -Landmark Forest Park, Chitwan • Senior Vice President - Nepal Association of Tours And Travels Agencies(NATTA) • Chief Secretary- Association of Kailash Tour Operators, Nepal (AKTON)।	सर्वसाधारण
५	श्री दिपेन्द्र अग्रवाल	सञ्चालक	स्नातकोत्तर	• Executive Member at Nepal Investors Forum • व्यापार व्यवसायमा १३ वर्षको अनुभव।	सर्वसाधारण
६	श्री ईन्द्रबहादुर मल्ल ठकुरी	सञ्चालक	स्नातकोत्तर	• संस्थापक/प्रिन्सिपल NIC College • शैक्षिक प्रशासक तथा व्यवस्थापनमा १५ वर्षको अनुभव • अर्थशास्त्र शिक्षण पेशामा २४ वर्षको अनुभव।	संस्थापक
७	पूर्णबहादुर खत्री	सञ्चालक	स्नातकोत्तर तह	• नेपाल राष्ट्र बैंकमा ३० वर्षको कार्य अनुभव, कार्यकारी निर्देशकबाट सेवा निवृत्त।	विशेषज्ञ

नोटः बैंकको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार सस्थापक समूहबाट मनोनित वा निर्वाचित ४ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित ४ जना र स्वतन्त्र व्यवसायिक विषेशज्ञ १ जना गरी जम्मा ९ (नौ) जनाको सञ्चालक समिति रहने व्यवस्था भएकोमा मिति २०७४ श्रावण ३२ गते संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु श्री ईश्वर बहादुर गुरुङ्ग र श्री शम्भु विक्रम थापाले आ-आफ्नो पदबाट राजिनामा दिनु भएको र सोही मितिमा बसेको सञ्चालक समितिको १९२ औं बैठकले उहाँहरुको राजिनामा स्वीकृत गरेको छ र बैंकमा हाल ७ सदस्यीय सञ्चालक समिति कायम रहेको छ। बैंकको आगामी वार्षिक साधारण सभामा हुने सञ्चालकहरुको निर्वाचन/मनोनयनबाट बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप सञ्चालक समितिको समूहगत संरचनामा आवश्यक समायोजन गर्नेछ।

बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, तथा अनुभव सम्बन्धी विवरण:

नाम : श्री अनिल केशरी शाह   ठेगाना : कान्तिपथ, काठमाण्डौ   योग्यता : स्नातकोत्तर

अनुभव : विगत ८ वर्ष देखि मेगा बैंक नेपाल लि. को प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत • विगतमा ४ वर्ष नबिल बैंक लि. को प्रमुख कार्यकारी अधिकृतको कार्यअनुभव • विगतमा १३ वर्ष स्टयाण्डर्ड चार्टर्ड बैंक नेपाल लि. को विभिन्न तहको कार्यअनुभव • विगतमा २ वर्ष International Centre for Integrated Mountain Development को कार्यअनुभव।

८. सञ्चालक समितिको बनौट :

हाल कायम रहेको सञ्चालक समितिः

संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित/मनोनितहरु	४ जना
सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित	२ जना
स्वतन्त्र व्यावसायिक विशेषज्ञ सञ्चालक	१ जना
जम्मा	७ जना

नोटः बैंकको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार सस्थापक समूहबाट मनोनित वा निर्वाचित ४ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित ४ जना र स्वतन्त्र व्यवसायिक विषेशज्ञ १ जना गरी जम्मा ९ (नौ) जनाको सञ्चालक समिति रहने व्यवस्था भएकोमा मिति २०७४ श्रावण ३२ गते संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु श्री ईश्वर बहादुर गुरुङ्ग र श्री शम्भु विक्रम थापाले आ-आफ्नो पदबाट राजिनामा दिनु भएको र सोही मितिमा बसेको सञ्चालक समितिको १९२ औं बैठकले उहाँहरुको राजिनामा स्वीकृत गरेको छ र बैंकमा हाल ७ सदस्यीय सञ्चालक समिति कायम रहेको छ। बैंकको आगामी वार्षिक साधारण सभामा हुने सञ्चालकहरुको निर्वाचन/मनोनयनबाट बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप सञ्चालक समितिको समूहगत संरचनामा आवश्यक समायोजन गर्नेछ।

९. निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

बैंकको हाल कायम कूल साधारण शेयर संख्या ४,५८,२३,१३०.१९ कित्ताको १० : ६.५ (अर्थात विद्यमान १० कित्ता साधारण शेयर बराबर ६.५ कित्ता नयाँ हकप्रद शेयरका दरले) को अनुपातमा प्रति शेयर रु. १००/- का दरले जम्मा २,९७,८५,०३४.६३ कित्ता हकप्रद साधारण शेयर निष्कासन गरिनेछ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

यस "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्कासन तथा बिक्री गरिने शेयरको हकप्रद निष्कासन (Right Shares) को लागि आवेदन दिँदा यस निष्कासन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द हुने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १० : ६.५ (विद्यमान १० कित्ता शेयर बराबर नयाँ ६.५ कित्ता शेयर) को अनुपातमा हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन्। दरखास्त साथ प्रति शेयर रु. १००/- को दरले आवेदन गर्ने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A/C Payee चेक दरखास्त फारामसाथ संलग्न भएको हुनुपर्नेछ। शेयरधनीले आफुले हकप्रद आधारमा खरिद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था र अन्य ऐन, नियमका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम सञ्चालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा बिक्री गर्नेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिने छ।

१२. हकप्रद शेयर अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

बैंकले यस हकप्रद शेयर निष्कासन प्रयोजनका निम्ति आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द हुने मितिमा कायम शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरको १० : ६.५ (विद्यमान १० कित्ता शेयर बराबर नयाँ ६.५ कित्ता शेयर) को अनुपातमा हुन आउने शेयरको लागि आवेदन दिन सक्नेछन्। यसरी आवेदन दिँदा हकप्रद वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन्। खण्डित हकप्रद शेयरलाई माथिल्लो नजिकको पूरा शेयरमा बाँडफाँट गर्ने निर्णय बैंकको सञ्चालक समितिले गर्नेछ। यसरी निर्णय गर्दा यस हकप्रद निष्कासन मार्फत जारी गरिएका सम्पूर्ण शेयरका लागि आवेदन नपरी शेयर बाँकी रहन गएमा सो बाँकी शेयरबाट माथि उल्लेख गरिए अनुसारको खण्डित शेयर बापत नजिकको माथिको पूरा शेयरमा परिणत गर्न आवश्यक शेयर मिलान गरी बाँडफाँट गरिनेछ। शेयरधनीहरुले आफुले हकप्रद आधारमा माथि उल्लेखित खरिद/दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन नमिल्ने तर खरिद/दरखास्त गर्न पाउने भन्दा कम शेयर खरिदका लागि दरखास्त दिन चाहेमा सो अनुसार दरखास्त दिन सक्नेछन्।

१३. बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात *(रु.हजारमा)*

पुँजी तथा दायित्व	वास्तविक			आ.ब.०७३/०७४ आषाढ मसान्त सम्मको*	प्रक्षेपित		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३		आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७
१. शेयर पुँजी	२,६०९,६००.००	२,८७०,५६०.००	३,७७२,१६९.२२	४,५८२,३१३.०२	९,४७०,९०४.९२	९,४७०,९०४.९२	९,४७०,९०४.९२
२. जगेडा तथा कोषहरु	१३३,०९३.३८	२०४,३१७.५६	४०५,१७५.०८	१,२८१,४७२.९३	३,५७७,९७२.००	५,३०६,१०९.७३	७,४६०,१३३.८६
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	३७९,६३२.३१	१४८,२३३.९३	४,४४१,३८१.३३	-	२,२५०,०००.००	१,०००,०००.००	१,०००,०००.००
५. निक्षेप दायित्व	१७,१४७,६४८.८५	२१,१३०,६७५.१३	३०,७५०,०७२.४४	३८,९३६,८६४.८१	६१,२५७,१५९.४६	७३,३३७,१६३.८२	८७,०८७,७७२.१८
६. भुक्तानी दिनु पर्ने बिलहरु	४७,०५९.८६	७३,१६६.०८	६१,२७५.०१	६४,१३१.७६	९२,४१०.२०	११५,५१२.७५	१४४,३९०.९३
७. प्रस्तावित नगद लाभांश	१४,७१५.७९	१३,७३४.७४	२७,९७८.६४	-	-	-	-
८. आयकर दायित्व	११,०८३.७५	४,९३७.२१	१,६३४.३७	-	-	-	-
९. अन्य दायित्व	२२८,४०४.००	२६१,५७८.२७	४०६,४४६.३४	७७६,५९५.६७	८०७,६५०.८०	९२४,९०९.२२	१,१९३,१०२.८७
कूल पुँजी तथा दायित्व	२०,५७१,२३७.९३	२४,७०७,२०२.९१	३९,८६६,१३२.४२	४५,६४१,३७८.२०	७७,४५६,०९७.३८	९०,१५४,६००.४४	१०६,३५६,३०४.७६

सम्पत्ति	वास्तविक			आ.ब.०७३/०७४ आषाढ मसान्त सम्मको*	प्रक्षेपित		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३		आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७
१. नगद मौज्दात	४३८,६५४.४२	५३९,३५५.९०	८८०,०२३.७४	१,२४६,४४७.३४	१,३७८,२८६.०९	१,५४०,०८०.४४	१,७४१,७५५.४४
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	१,१५४,३५६.१८	२,२०३,२९३.५९	२,८२८,०७१.५२	२,१००,५४१.५४	३,७९७,९४३.८९	४,५४६,९०४.१६	५,३९९,४४१.८८
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	२३८,५८०.४९	२९३,७८२.८५	३६१,०४१.७२	४००,४३१.६९	६१२,५७१.५९	७३३,३७१.६४	८७०,८७७.७२
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	८८०,५०२.००	१,०६७,१०४.०७	२,६८८,००६.८२	१,५६०,६२०.०८	५,०४१,०२५.३३	३,६६६,८५८.१९	४,०७५,५६७.३६
५. लगानी	२,५०७,४१०.२०	१,९९३,६२२.८४	४,७०८,४९५.९३	४,४८५,९२०.३८	९,०२२,४८४.७४	११,३७८,०००.००	१३,७२१,०००.००
६. कर्जा सापट तथा बिल खरिद	१४,४९६,३२५.५७	१७,५४२,६२५.४५	२७,३५८,९८२.८२	३४,५९७,८३४.८८	५५,४५३,४१४.४३	६५,८३२,२४६.१९	७८,२३३,८३२.६०
७. स्थिर सम्पत्ति	२१३,७७७.७५	१७७,०८०.०२	२६३,३४४.४५	३०२,१०८.८१	१,१११,८३८.३२	१,०२६,०४०.७८	१,०८२,०२९.६३
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	६४१,६३१.३२	८९०,३०८.१९	७७८,१६५.४१	९४७,४७३.४८	१,०३८,५३३.००	१,४३१,०९९.०५	१,२३१,८००.१२
कूल सम्पत्ति	२०,५७१,२३७.९३	२४,७०७,२०२.९१	३९,८६६,१३२.४२	४५,६४१,३७८.२०	७७,४५६,०९७.३८	९०,१५४,६००.४४	१०६,३५६,३०४.७६

नाफा-नोक्सान हिसाब *(रु.हजारमा)*

विवरण	वास्तविक			आ.ब.०७३/०७४ आषाढ मसान्त सम्मको*	प्रक्षेपित		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३		आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७
१. ब्याज आम्दानी	१,६२८,२४९	१,८०४,९४४	२,१४१,५१८	४,१२३,११५	५,९५५,१२५	७,६८७,०१७	९,३५५,६८७
२. ब्याज खर्च	८०७,०२६	९१४,२७९	१,०१५,६७१	२,३९९,३९८	३,६६४,०६९	४,२८०,५२०	५,३१०,३६०
खुद ब्याज आम्दानी	८२१,२२३	८९०,६६५	१,१२५,८४७	१,७२३,७१७	२,२९१,०५६	३,४०६,४९७	४,०४५,३२७
३. कमिशन तथा डिस्काउण्ट	२६,८११	३५,२८२	४६,०२२	७०,१२६	१५६,०६२	२३९,८४२	२९५,०२६
४. अन्य संचालन आम्दानी	८१,९७६	११०,१५३	११९,३६१	१७९,९४७	२८३,५२१	४३५,७२५	५३५,९८०
५. सटही घटबढ आम्दानी	९५,२८८	१०२,३८२	६८,३१३	१२१,६२४	२३२,५१०	३५७,३२९	४५८,७३६
कूल संचालन आम्दानी	१,०२५,२९९	१,१३८,४८१	१,३५९,५४३	२,०९५,४१३	२,९६३,१४९	४,४३९,३९३	५,३३५,०७०
६. कर्मचारी खर्च	१६७,३००	१८६,१६५	२४६,२५१	३६०,३८२	५१५,२४४	९२०,०८१	१,०३०,४९०
७. अन्य संचालन खर्च	२४९,६९१	२७३,४००	२९४,०७९	३६८,४९०	५१७,१४१	६८२,९२२	७८१,७५४
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा	६०८,३०७	६७८,९१६	८१९,२१३	१,३६६,५४१	१,९३०,७६३	२,८३६,३९०	३,५२२,८२६
९. सम्भावित नोक्सानी व्यवस्थाहरु	१३६,१६५	१५५,४९३	९९,०३३	१७८,८५०	८१,८०६	१४४,१४९	१३७,९३१
संचालन मुनाफा/(नोक्सान)	४७२,१४२	५२३,४२३	७२०,१७९	१,१८७,६९१	१,८४८,९५७	२,६९२,२४२	३,३८४,८९५
१०. गैर संचालन आम्दानी/(खर्च)	१,८०१	१,०६२	१२,३१०	१८,४०३	-	-	-
११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	६,३१६	३१,२०५	१३६,५८९	३५,९९६	-	२३,४०३	-
नियमित कारोबारबाट भएको मुनाफा	४८०,२५९	५५५,६९१	८६९,०७८	१,२४२,०९१	१,८४८,९५७	२,७१५,६४५	३,३८४,८९५
१२. असामान्य कारोबारबाट भएको मुनाफा/(खर्च)	-	(८,७६६)	-	-	-	-	-
सम्पूर्ण कारोबार समावेश पछिको खुद नाफा	४८०,२५९	५४६,९२५	८६९,०७८	१,२४२,०९१	१,८४८,९५७	२,७१५,६४५	३,३८४,८९५
१३. कर्मचारी बोनस व्यवस्था	४३,६६०	४९,७२०	७९,००७	११२,९१७	१६८,०८७	२४६,८७७	३०७,७१८
१४. आयकर व्यवस्था	१३१,०६२	१५०,९०९	२३९,०२७	३३७,७६१	५०४,२६१	७४०,६३०	९२३,१५३
यस वर्षको कर व्यवस्था	१३३,२५५	१५०,७८७	२३९,०११	३३९,२४६	५०४,२६१	७४०,६३०	९२३,१५३
विगत वर्षसम्मको कर व्यवस्था	२	२७०	१६	-	-	-	-
यस वर्षको स्थगन कर	(२,१९५)	(१४८)	१	(१,४८५)	-	-	-
खुद मुनाफा/(नोक्सान)	३०५,५३७	३४६,२९६	५५१,०४४	७९१,४१३	१,१७६,६०९	१,७२८,१३८	२,१५४,०२४

नेटवर्थ सम्बन्धी विवरण *(रु.हजारमा)*

विवरण	वास्तविक			आ.ब.०७३/०७४ आषाढ मसान्त सम्मको*	प्रक्षेपित		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३		आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७
चुक्ता पुँजी	२,६०९,६००	२,८७०,५६०	३,७७२,१६९	४,५८२,३१३	९,४७०,९०५	९,४७०,९०५	९,४७०,९०५
जगेडा तथा कोषहरु	१३३,०९३	२०४,३१८	४०५,१७५	१,२८१,४७३	३,५७७,९७२	५,३०६,११०	७,४६०,१३४
नेटवर्थ	२,७४२,६९३	३,०७४,८७८	४,१७७,३४४	५,८६३,७८६	१३,०४८,८७७	१४,७७७,०१५	१६,९३१,०३९
प्रस्तावित बोनस शेयर	२७९,६००	२६०,९६०	५३१,५९४	-	-	-	-
शेयर संख्या-प्रस्तावित बोनस शेयर सामायोजन पश्चात	२६,०९६	२८,७०६	३७,७२२	४५,८२३	९४,७०९	९४,७०९	९४,७०९
शेयर संख्या-प्रस्तावित बोनस शेयर बाहेक	२३,३००	२६,०९६	३२,४०६	४५,८२३	९४,७०९	९४,७०९	९४,७०९
खुद नाफा	३०५,५३७	३४६,२९६	५५१,०४४	७९१,४१३	१,१७६,६०९	१,७२८,१३८	२,१५४,०२४
प्रति शेयर आम्दानी	१३.११	१३.२७	१७	१७.२७	१२.४२	१८.२५	२२.७४
प्रति शेयर नेटवर्थ ##	१०५.१	१०७.११६	११०.७४	१२७.९७	१३७.७८	१५६.०३	१७८.७७
निष्कासन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा १५.२१%							

** २०७४ आषाढ मसान्तको अपरिष्कृत तथा व्यवस्थापनबाट प्रमाणित वित्तीय विवरण। (लेखा परीक्षण हुन बाँकी)*

नोटः नेटवर्थ गणना गर्दा प्रस्तावित बोनस शेयर समायोजन नगरिएको।

वास्तविक अवधिको प्रति शेयर नेटवर्थ गणना गर्दा पुँजीगत जगेडा (स्थिर सम्पत्ति अनुदान) समावेश गरिएको हुँदा प्रकाशित वित्तीय विवरण भन्दा फरक हुन गएको हो।

द्रष्टव्यः प्रक्षेपित वित्तीय विवरणहरु बैंकको व्यवस्थापनले तयार पारेको तथा विशेषज्ञ प्रधान एण्ड कोनाजो एसोसियट्सका चार्टर्ड एकाउटेण्ट्स श्री क्षेत्र गोपाल प्रधान, एफसीएले पुनरावलोकन गरी प्रमाणित गर्नु भएको हो।

१४. संगठित संस्थाले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :

(क) नयाँ बैंकहरुको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु।
(ख) बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु।
(ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
(घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु।
(ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियमबाट हुनसक्ने जोखिमहरु।
(च) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु।
(छ) पुँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्नसक्ने जोखिमहरु।
(ज) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने जोखिमहरु।
(झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुन सक्ने सम्भावित जोखिमहरु।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु. १००/- प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ।

बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानीको लागी जोखिम व्यहोर्ने कोषको व्यवस्था गरेको छ। बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ। यसको अलावा आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई उपभोक्तामुखि सेवाहरु प्रदान गरी मध्यकालीन तथा दीर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि बैंकले प्रभावकारी कर्जा नीति अवलम्बन गरेको छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनिकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने बैंकको नीति रहेकोछ।

१५. धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :

(क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिँदा यस हकप्रद निष्कासन प्रयोजनको लागि हकप्रद निष्कासन पूर्व बैंकले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता पुस्तिका बन्द हुने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, हितग्राही खाता नं., परिचय नम्बर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली बैंकले तोकेको ढाँचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।
(ख) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।
(ग) हकप्रद शेयर खरिदका लागि आवेदन दिँदा आफुले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ठ नगद रकम वा सो रकम बराबरको संकलन केन्द्रको नाममा खिचिएको A/C Payee चेक दरखास्त फारामसाथ संलग्न भएको हुनुपर्नेछ।
(घ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।
(ङ) यस हकप्रद शेयर निष्कासनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्तसाथ शेयर वापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैनन्।
(च) यस हकप्रद शेयर निष्कासन सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस बैंकको सञ्चालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।
(छ) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ।
(ज) प्रमाणपत्र बुझ्न आउँदा शेयरधनीले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। नाबालकको हकमा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा नेपाली नागरिक भएको परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। हितग्राही (डिम्याट) खाता उल्लेख गर्नुभएका शेयरधनीहरुलाई धितोपत्रहरु अभौतिक रुपमा डिम्याट खातामा नै जम्मा गरिने व्यवस्था गरिनेछ।
(झ) एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेका भएमा पनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिन सकिनेछ।

१६. यस बैंकको विगत तीन आर्थिक वर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक वर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम शेयर मूल्य (रु.)	शेयर कारोबार संख्या
२०७०/७१	४८२	१७०	४४९	२९,६०,३९७
२०७१/७२	५००	३१०	३९५	८,५६,२०१
२०७२/७३	६१२	३६६	५६५	११,९४,९९३

महिना	अधिकतम शेयर मूल्य (रु)	न्युनतम शेयर मूल्य (रु)	अन्तिम शेयर मूल्य (रु)	शेयर कारोबार संख्या
चैत्र २०७३	टुरिजम डेभलपमेण्ट बैंक लिमिटेडसंग मर्जको क्रममा रहेको कारण मिति २०७३/१०/०९ देखि शेयर कारोबार बन्द रहेको।			
बैशाख २०७४				
जेष्ठ २०७४				

नोटः यस बैंकको शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एकस्चेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने छ।

१७. धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :

बैंकले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुलाई हकप्रद शेयर खरिद आह्वान गरेको शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको नियमावलीले तोके बमोजिम ३० दिनभित्र शेयरहरुको बाँडफाँट गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिनेछ। यसरी बाँडफाँट भए पश्चात् नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँटमा परेको शेयरधनीहरुलाई हकप्रद शेयरको प्रमाणपत्र वितरण गरी निष्कासित शेयरहरु नेपाल स्टक ऐक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिनेछ। हितग्राही खाता उल्लेख गर्ने शेयरधनीहरुलाई धितोपत्रहरु अभौतिक रुपमा हितग्राही खातामा नै जम्मा गरिने व्यवस्था गरिनेछ। कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने शेयरका लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि मात्र आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम गरिनेछ। कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने भन्दा बढी शेयरका लागी दरखास्त दिएमा बढी शेयर बाँडफाँट गर्न बैंक बाध्य हुनेछैन।

१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयरको प्रमाणपत्र वितरण तथा शेयर अभौतिकरण भई सकेको हकमा शेयरधनीको Demat A/C मा जम्मा गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गराई हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइने छ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गर्दा शेयरधनीहरुले बैंकको शेयर रजिष्ट्रारको कार्यालयमा सम्पर्क राखि निम्न व्यवस्थाहरुको पालना गर्नु पर्नेछ।
(क) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले कम्पनीको अरु शेयरवालाको हकप्रद शेयर खरिद गर्न पाउने छैन,
(ख) मनोनयन भै शेयरको लागि आवेदन दिँदा धितोपत्र बजारको कारोबार इकाई अनुसार आवेदन दिनुपर्ने,
(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियामक निकायले शेयर स्वामित्व सीमा तोकेको अवस्थामा त्यस्तो सिमा भित्र रहेको,
(घ) कम्पनीको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही सिमा भित्र रहने गरी मात्र मनोनयन गर्नुपर्ने,
(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था प्रचलित कानून बमोजम कालोसूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(च) हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिनुपर्ने,
(छ) हकप्रद मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नुपर्नेछ,
(ज) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको १ प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरवालाले बुझाएको शुल्क समेत समावेश गर्नुपर्नेछ।

उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नुपर्नेछ।

(क) चुक्ता पुँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा बैंकले नियामक निकायले तोकेको शर्तको अधिनमा रही हक हस्तान्तरण गर्न सक्नेछन् भने २ प्रतिशत् भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्विकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछन्।
(ख) संस्थापक/संस्थापक समूहका हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उप-समूहका संस्थापकलाई पहिलो प्राथमिकता दिनुपर्ने छ। यसरी हक हस्तान्तरण गर्दा आफ्नो समूह/उप-समूहमा शेयरको हक हस्तान्तरण हुन नसकेको अवस्थामा विद्यमान अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिनेछ। हकप्रद शेयरको हक हस्तान्तरण विद्यमान संस्थापकहरु बीचमा नै हुने भएमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अन्तर्गत रही लगानीको स्रोत र कर चुक्ता गरेको विषय समेत हेरी सम्बन्धित बैंकले नै हक हस्तान्तरण गर्नसक्ने छ।
(ग) माथि (ख) बमोजिम संस्थापक समूहमा शेयरको हक हस्तान्तरण हुन नसक्ने अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई जुन समूह/उप-समूहबाट शेयरको हक हस्तान्तरण गरी लिएको हो सोही समूह/उप-समूहमा राखिनेछ। सो अवस्थामा प्रस्तावित संस्थापक शेयरधनीले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीका लागि तोकिएको योग्यता (Fit & Proper Test) पूरा गरेको हुनुपर्ने छ। सोका अतिरिक्त प्रस्तावित संस्थापक शेयरधनी कर्जा सूचना केन्द्रको कालोसूचीमा परेको हुननहुने र सो प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै कर चुक्ता प्रमाणपत्र र/वा कर दाखिला गरेको निस्सा समेत पेश गरेको हुनुपर्नेछ।
(घ) माथि बुँदा नं. (ख) बमोजिम संस्थापक/संस्थापक समूहको हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उप-समूहका संस्थापकलाई पहिलो प्राथमिकता दिँदा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ। हकप्रद शेयरको हक हस्तान्तरण गर्न चाहने शेयरधनीले बिक्री मूल्य तोकी हक हस्तान्तरण गर्न चाहेको निवेदन कम्पनीमा पेश गर्नु पर्नेछ।
- यसरी निवेदन पेश गरेपछि ७ दिनको समय तोकी कम्पनीले पहिलो प्राथमिकतामा परेका शेयरधनीलाई सूचना दिनु पर्नेछ।
- यसरी पहिलो प्राथमिकतामा परेका शेयरधनीले ७ दिनभित्र सो मूल्यमा हक लिन नचाहेमा अन्य संस्थापकलाई कम्पनीले सूचना दिनु पर्नेछ।
- तत् पश्चात् अन्य संस्थापकलाई दोश्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिनेछ।

(ङ) उपरोक्त व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएता पनि बैंकका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बाहाल रहँदाको बखत वा त्यस्तो पद छाडेको एक वर्षसम्म यस बैंक वा यसको सहायक कम्पनीको हकप्रद शेयर अन्य कुनै व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गरिदिन वा अन्य कुनै व्यक्ति वा संस्थाबाट हक हस्तान्तरण स्वीकार गरी लिन पाउने छैनन्।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

(क) बैंकको Capital Plan अनुसार पुँजी वृद्धि गर्न,
(ख) बैंकलाई सबल र सक्षम रुपमा सञ्चालन गर्न विद्यमान पुँजी वृद्धि गर्न,
(ग) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पुँजी सङ्कलन गर्न,
(घ) बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पुँजीको व्यवस्था गर्न,
(ङ) दिर्घकालीन सेवाहरु विस्तार गर्न, धितो कर्जा लगानीमा अभिवृद्धि गर्न, लघुवित्त सेवाको पहुंच कम भएका पहाडी तथा हिमाली क्षेत्रहरुमा कार्यक्रम विस्तार गर्न दिर्घकालीन प्रकृतिका श्रोतहरुको लागि पुँजीको व्यवस्था गर्न,
(च) बैंकको सूचना प्रविधि तथा अन्य पूर्वाधारको क्षेत्रमा लगानी गर्न।

२१. हकप्रद निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

हकप्रद शेयर निष्कासनबाट प्राप्त रकम निम्न बमोजिम उपयोग गरिनेछ :

विवरण	रकम (रु.)
१ शाखा विस्तार	८,५०,००,०००
२ स्थिर सम्पत्ति	१५,००,००,०००
३ बैंक मौज्दात	२५,००,००,०००
४ लगानी	७५,००,००,०००
५ कर्जा सापटी	१,७४,३५,०३,४६३
जम्मा	२,९७,८५,०३,४६३

२२. निष्कासन बैंक (बैकर टू द ईस्यु) सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाता नं.
१.	नबिल बैंक लिमिटेड, दरबारमार्ग, काठमाण्डौ	३५०६०१७५०००००६
२.	मेगा बैंक नेपाल लिमिटेड, कमलादी, काठमाण्डौ	००१००१०३७७५१८

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्कासन तथा बिक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ। सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरका लागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको प्रचलित निर्देशिकाको अधिनमा रही बढीमा थप १५ दिन सम्मका लागि खुल्ला राख्न सकिनेछ।

२४. हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएका "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं*।
२. मेगा बैंक नेपाल लिमिटेडको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लगायत सर्म्पूण शाखा कार्यालयहरु।

* उपरोक्त संकलन केन्द्रमा A/C Payee चेकमात्र बुझिलिने व्यवस्था गरिएको छ।

नोटः निष्कासन तथा बिक्री प्रबन्धक तथा निष्कासनकर्ता कम्पनीको वेबसाईटमा समेत शेयर आवेदन फाराम राखिने व्यवस्था गरिने हुँदा शेयरवालाले वेबसाईटबाट डाउनलोड गरि भरेर बुझाउन सक्ने छन्।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनुभन्दा अघिको मितिमा नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट तथा हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर नक्साल, काठमाडौंमा पठाउन सक्नेछन्। हकप्रद शेयर बिक्री बन्द भएको ७ दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन।

२५. सञ्चालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस बैंकका सञ्चालकहरु तथा आधारभुत शेयरधनीले रु. ८७,४३५,९००/- रकम भुक्तानी गरिसकेको व्यहोरा अवगत गराउँदछौं।

यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

दरखास्त फारामको नमूना

MEGA
BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड
मेगा बैंक नेपाल लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)
राइजिङ्ग मल, कमलादी, काठमाण्डौं, नेपाल, पो.ब.नं. २६५५९, फोन नं.: ९७७-१-४१६९२१७, फ्याक्स नं.९७७-१-४१६९२१५
URL: www.megabanknepal.com, Swift: MBNLNPKA
को

सि.नं.

संस्थापक समूह	☐
सर्वसाधारण समूह	☐

✓ चिन्ह लगाउनु होला।

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

मार्फतः NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, नेपाल
फोन: ४४११६०४, ४४११७२२, फ्याक्स: ४४१०५५४
Email: nabilinvest@nabilbank.com, Url: www.nabilinvest.com.np

कोड नं. ☐☐☐
शेयरधनी नं. ☐
DP ID ☐☐☐☐☐☐☐☐
Client ID ☐☐☐☐☐☐☐☐

श्री संचालक समिति,
मेगा बैंक नेपाल लिमिटेड
कमलादी, काठमाडौं, नेपाल।

महाशय,

त्यस बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७३/१०/०६ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस बैंकको जम्मा (भौतिक/अभौतिक) .... कित्ता शेयर कायम रहेको हुँदा बैंकले जारी गरेको दश शेयर बराबर छ दशमलव पाँच शेयर (१० : ६.५) को अनुपातमा ....कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक)............. कित्ता गरी जम्मा................कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं। त्यस बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हकहस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			

हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७४/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक					
	In English	Mr./Mrs./Miss/Minor					USE CAPITAL LETTER
ठेगाना	घर नं./वडा नं.		टोल		गा.वि.स./न.पा.		जिल्ला
Address	House No./Ward no		Tole		VDC/Municipality		District
सम्पर्क ठेगाना							
PAN No.		Phone No.		Mobile No.			
ना.प्र.प.नं./जारी स्थान		Email ID					
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grand Father's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालकको हकमा)							
Guardian's Name (Incase of minor)							

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन गरेको होइन। साथै मैले/हामीले यस दरखास्त फाराममा खुलाइएको विवरण ठिक साँचो हो। झुठा ठहरिएमा प्रचलित कानुन बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ।

द्रष्टव्यः १. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client Id दुवै उल्लेख गर्नुपर्नेछ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ।
४. आफ्नो हक हस्तान्तरण (renounce) गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को अनुसूची ११ को ढाँचा बमोजिमको विवरण भरि संस्थापक शेयरधनीहरुले बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, राइजिङ्ग मल, कमलादी, काठमाण्डौस्थित कम्पनी सचिवको कार्यालयमा र सर्वसाधारण शेयरधनीहरुले यस बैंकको शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ लि., नारायणचौर, नक्साल, काठमाण्डौमा सम्पर्क गरि आफ्नो हकप्रद शेयरको हक हस्तान्तरण गर्न सकिने छ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु।

निवेदकको दस्तखत
(Applicant's Signature)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फतः NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, नेपाल
फोन: ४४११६०४, ४४११७२२, फ्याक्स: ४४१०५५४
Email: nabilinvest@nabilbank.com, Url: www.nabilinvest.com.np

रसिद
दरखास्तवालाले भर्नुपर्ने
सि.नं.

शेयरधनी नं./परिचय नं. ☐

हितग्राही खाता नं.	DP ID	Client ID

Applicant's Name				
Company's Name	MEGA BANK NEPAL LIMITED			
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited
Amount in Words				

For Official Use Only: Code No. ☐☐☐
Received by:
Date: Stamp

निवेदकको दस्तखत
(Applicant's Signature)

निष्काशन तथा बिक्री प्रबन्धक:

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, नेपाल, फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४
Email: nabilinvest@nabilbank.com, Url: www.nabilinvest.com.np